माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्युठान
५ नं. प्रदेश नेपाल
२०७३

आज मिति २०७६ **माघ १५** गते यस **माण्डवी** गाउँपालिका गाउँ कार्यपालिकाको बैठक बसी तपशिलको प्रस्तावहरु माथि छलफल गरियो ।

**प्रस्तावहरु**

१. करार सम्झौता थप गर्ने सम्बन्धमा |

२. बेरोजगारीहरुको सूची दर्ता गर्ने सम्बन्धमा |

३. लैंगिक हिंसा न्यूनीकरण सम्बन्धि निर्देशिका २०७६ पास गर्ने सम्बन्धमा |

४. बिधुत विस्तारीकरण कार्यक्रम सम्बन्धमा |

५. वास योजनाको कार्यक्रम प्रस्ताव सम्बन्धमा |

६. गाउँ सभा संचालन सम्बन्धमा |

७. माण्डवी गाउँपालिकामा स्थानीय रोजगारी सिर्जना गर्ने आयोजना कार्यन्वयन कार्यादेश २०७६ संशोधन गर्ने सम्बन्धमा |

**निर्णयहरु**

निर्णय नं. प्रस्ताव नं १ माथि छलफल गर्दा यस माण्डवी गाउँपालिकामा करार सेवामा कार्यरत बिभिन्न्न तहका कर्मचारीहरुको करार सम्झौताको म्याद र घर भाडाको म्याद यही मिति २०७६ पौष मसान्तमा समाप्त भएकले यही मिति २०७६ माघ १ गते देखी २०७७ असार मसान्त सम्मका लागि थप गर्ने सर्बसहमत निर्णय गरियो |

निर्णय नं. प्रस्ताव नं २ माथि छलफल गर्दा यस माण्डवी गाउँपालिका ५ वटै वडाहरुबाट आएका जम्मा १५६३ जनाको सूची आएकाले सोही मध्ये ४६८ जनालाई बेरोजगार सूचीमा दर्ता गरी सम्बन्धित केन्द्रिय निकायलाई पठाउने निर्णय गरियो |

निर्णय नं. प्रस्ताव नं ३ माथि छलफल गर्दा लैंगिक हिंसा न्यूनीकरणको सम्बोधनक लागि सिफारिस प्रणाली सम्बन्धि नेर्देशिका २०७६ पारित गर्ने सर्वसहमत निर्णय गरियो |

निर्णय नं. प्रस्ताव नं ४ माथि छलफल गर्दा यस आ.व. २०७६/०७७ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार यस आ.व. २०७६/०७७ मा यस गाउँपालिकाको सामुदायिक बिद्यालयमा सर्बप्रथम सो बिधुत विस्तारीकरण कार्यक्रम लागु गर्ने र बाकीं गपुगेको स्थानमा अनुगमन पश्चातमात्र सो कार्यक्रम लागु गर्ने निर्णय गरियो |

निर्णय नं. प्रस्ताव नं ५ माथि छलफल गर्दा यस माण्डवी गाउँपालिकाको खानेपानी सरसफाई तथा स्वच्छताको वास योजना निर्माण तथा अनुगमन कार्य मध्ये गाउँपालिका स्तरीय तथ्यांक सकलनहरुलाई वास योजना निर्माणका लागि मोबाइल एप्लीकेसन प्रयोग सम्बन्धित ३ दिने अभिमुखिकरण तालिम बापत रु. ४२,५०० र वडा स्तरीय सहजीकरण भत्ता बापत रु. २२,५०० गरी जम्मा ६५,००० सिप विकास तथा तालिम खर्च शीर्षकबाट कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. प्रस्ताव नं ६ माथि छलफल गर्दा यस आ.व२०७६/०७७ को हिउँदे गाउँसभा अधिबेशन मिति २०७६/१०/२१ गतेबाट संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. प्रस्ताव नं ७ माथि छलफल गर्दा माण्डवी गाउँपालिकामा स्थानीय रोजगारी सिर्जना गर्ने आयोजना कार्यान्वयन कार्यबिधि २०७६ संशोधन गर्ने सर्वसहमत निर्णय गरियो ।